प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश

बुटवल, रुपन्देही

## डिप्लोमा/प्रमाणपत्र तथा प्रि - डिप्लोमा तहको बर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फको लागि रिक्त कोटा सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः२०७८।०९।२२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट संचालन गरिने डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक शत्र २०७८/०७९ मा परिषदबाट संचालन स्विकृति पाएका आँगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम र नीजि स्तरमा संचालित शिक्षण संस्थाहरुबाट परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको **"डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७८ (चौथो संशोधन २०७८)"** तथा मिति २०७८।०४।३० गते र २०७८।०५।०२ गतेको शैक्षिक शत्र २०७८/०७९ मा डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फको विभिन्न विषयहरुमा आवेदन फारम भरेका प्रशिक्षार्थीको नतिजा यस प्रदेश कार्यालयले पटक पटक प्रकाशित गरेर भर्ना सम्बन्धि सूचना दिएकोमा हाल सम्म पनि भर्ना नभई केही सिटहरु रिक्त रहेकोले वर्गिकृत (निःशुल्क) छात्रवृत्तिको बैकल्पिक / पास लिष्टमा रहेका उम्मेदवारहरुले मिति २०७८।०९।२८ गते कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजात सहित संलग्न निवेदनको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।सम्बन्धित कार्यक्रमको सम्बन्धित कोटामा वैकल्पिक / पास लिष्टमा उम्मेदवारहरु नभएको अवस्थामा अन्य कार्यक्रमबाट निवेदन दिने उम्मेदवारहरु मध्येवाट योग्यताक्रमानुसार उम्मेदवार छनौट गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । परिषद् लुम्बिनी प्रदेशको ई-मेल ठेगानाः exam.ctevtp5@gmail.com मा आवेदन पठाउन सकिने छ ।

**निर्देशक**

**तपसिलः**

१. प्रवेश परीक्षाको अनुमति पत्रको प्रतिलिपी
२. नागरिकता / जन्म दर्ताको प्रतिलिपी
३. लक्षित वर्गमा भए सो खुल्ने कागजातको प्रतिलिपी
४. प्रदेश कार्यालयद्वारा जारी गरेको निबेदन ढाँचामा भर्नु पर्ने छ